# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– २०, कात्तिक २०६२, (Nov., 2005) काठमाडौं

## अभिभावक शिक्षाको आवश्यकता

काठमाडौं क्षेत्रपाटीका कृष्णबहादुर नेपाली आफ्नो छोरालाई पुऱ्याउन र लिन सधैं विद्यालय धाउँछन्। र, यसबाहेक छोराको पढाइमा उनलाई अरु चासो नै छैन। बिहानबेलुका हातमुख जोर्ने समस्याले उनलाई फुर्सद नै हुँदैन।

छोरालाई योग्य शिक्षकले पढाइरहेका छन् या अयोग्यले ? विद्यालय र घरमा छोरा कसरी पढ्दैछ ? उनी बुझ्न सक्दैनन्। उनी भन्छन्, "आफैं अक्षर चिन्दिनँ, कस्तो पढाए, के गरी पढाउनुपर्थ्यो मलाई थाहै हुन्न, हजुर !"

उषा राई आफ्नो छोरालाई पुऱ्याउन विद्यालय धाइ नै रहन्छिन्। तैपनि विद्यालय पुग्दा उनको पनि शिक्षक-शिक्षिकासित बच्चाको पढाइका विषयमा कुराकानी हुँदैन। छोरा खुसीसाथ विद्यालय जाने गरेकोचाहिँ उनले सुनाइन्।

सानुमाया तामाङ्ग छोरीको पढाइमा अलि चासो राख्छिन्। छोरीले विद्यालयमा कोहीसित पनि नबोल्नु उनको चिन्ता हो। तर, किन उनकी छोरी बोल्दिनन् ? न शिक्षकले उनलाई राम्ररी बुझाएका छन् न त उनले नै केही बुझेकी छन्।

फरक-फरक प्रवृत्तिका यी तीनैथरी अभिभावकको समस्या भने एउटै देखिएको छ। त्यो हो, उनीहरूसित अभिभावकले गर्नुपर्ने कर्तव्य-ज्ञानको अभाव, अर्थात् अभिभावक शिक्षाको कमी। आफू अभिभावक हो र आफ्ना बालबालिकाले विद्यालय तथा घरमा के गरी पढिरहेका छन् ? तिनको आवश्यकता के हो भन्नेबारे कम्तीमा ध्यान दिनुपर्ने हो। अझ, यसबाट पनि एक कदम बढी सोच्ने हो भने अभिभावकले आफ्नो अधिकार के हो, थाहा पाउनुपर्ने हो। एउटा विद्यालय सुचारु हुन विद्यार्थी, शिक्षक र अभिभावकमध्ये एउटा पक्ष मात्र कमजोर भइदियो भने विद्यालय शिक्षाको संरचना कि अपूरो हुन्छ कि त भत्किन्छ नै। हाम्रो देशको विद्यालय शिक्षाले पनि यही अपूरो दशा भोगिरहेको छ। जहाँ विद्यालयका अधिकांश अभिभावकहरूमा अभिभावकीय शिक्षाको अभाव देखिन्छ।

समस्याको दृष्टिले हेर्दा कृष्णबहादुर, उषा र सानुमाया एउटै वर्गका अभिभावक हुन्। तिनको आर्थिक हैसियत पनि उस्तै छ। काठमाडौं बाहिर घर भएका यिनीहरू सहरमा बाँच्नका लागि दैनिक संघर्ष गरिरहेका अभिभावक हुन्। काममा व्यस्त हुनुपर्ने बाध्यताले उनीहरूले अरु विषयमा ध्यान दिन पाएका छैनन्। अभिभावकले विद्यालयका शिक्षक ज्यादै ठूला व्यक्ति हुन् भन्ठानेर बोल्न डराउने गरेको पाइयो। "सरसित सोधौं भने रिसाउनुहुन्छ जस्तो लाग्छ," दोहोरो कुराकानी गर्न डराएका सिन्धुपाल्चोक हैवुङ्गका गेलुङ्ग तामाङ्ग भन्छन्।

अभिभावक आफैंले आफू को हो र आफ्नो भनाईले समाजमा किन मान्यता पाउनुपर्छ भन्ने थाहा नपाउञ्जेल यस्तो समस्या आइ नै रहने देखिन्छ। अरुको काममा दिनहुँ गइरहेका अभिभावकहरू साहुसित सधैं निहुरिरहनुपर्ने बाध्यताले आफूलाई 'तल्लो दर्जाका नागरिक' ठान्दारहेछन्। जसले गर्दा विद्यालयमा डटेर बोल्ने इच्छाशक्ति पनि हुँदोरहेनछ।

अभिभावकलाई दिलाउनुपर्ने ज्ञान ठाउँअनुसार फरक पर्ने धारणा अभिभावक संघ नेपालका अध्यक्ष सुप्रभात भण्डारीको छ। उनको भनाइ छ -'गाउँ र सहरका अभिभावकमा पनि फरक समस्या छन्। त्यसैले गाउँ र सहरलाई हेर्ने नजर फरक चाहिन्छ।' युवाबाहेक गाउँका वृद्ध र मध्यम पुस्ताले उस्तो पढेका छैनन्। झण्डै ५० प्रतिशत अभिभावक निरक्षर रहेका छन्। यसले गर्दा तिनमा सरकारी तथा गैरसरकारीस्तरबाट चेतना पुऱ्याउने कार्यक्रम हुनुपर्ने भण्डारी बताउनुहुन्छ।

सहरका अभिभावक गाउँको तुलनामा बढी शिक्षित छन्। तर, तिनमा पनि कमजोरी पनि छ। उनीहरू बेफुर्सदी र शिक्षकमा भरपर्ने बानी परेको छ। तर, अभिभावक शिक्षा विद्यालयसँग मात्र जोडिदैंन। घरमा आफ्ना बालबालिकाप्रति अभिभावकले कसरी व्यवहार गर्ने ? के-गरी बोल्ने त्यो अझ महत्वपूर्ण हुनेछ जसले विद्यार्थीलाई विद्यालयको कक्षाकोठासम्म मात्र होइन समग्र चेतनामा नै प्रभाव पारिरहेको हुन्छ।

■ सुदर्शन सिग्देल

## अभिभावकहरू भौतिक सहयोग मात्र गर्छन्

कोलडाँडा (पाल्पा)। शैक्षिक योग्यताको आधारमा अध्यापनको लागि विद्यालयमा शिक्षक नियुक्त गरिए पनि शिक्षकले सबै कक्षामा पढाउन सक्नुपर्छ भन्ने धारणा अभिभावकहरूमा रहेकोले विभिन्न समस्या उत्पन्न भएको देखिन्छ।

पाल्पा जिल्लाको कोलडाँडा गाविसस्थित पृथ्वीप्रकाश माविमा प्रावि तहमा ७, निमावि तहमा ३ र मावि तहमा १ शिक्षक दरबन्दी छन्। निजी स्रोतमा दुई शिक्षक कार्यरत छन्। माध्यमिक तहसम्म अध्यापन गर्नसक्ने शैक्षिक योग्यता भएका निजी स्रोतका र दरबन्दीका शिक्षकहरू पनि प्रावि र निमावि तहमै कार्यरत छन्। ती शिक्षकहरूले तल्लो तहका लागि नियुक्ति पाए पनि मावि तहमा समेत पढाउनुपर्छ। यस विद्यालयमा स्नातक तह (बी.ए.) उत्तीर्ण शिक्षकहरू प्रावि तहमा ४ जना र निमावि तहमा ३ जना छन्। स्नातकोत्तर तह उत्तीर्ण एक शिक्षक प्रावि तहकै दरबन्दीमा कार्यरत छन्। योग्यताअनुसारको शिक्षण तह र माथिल्लो तहलाई पढाएवापत् थप सुविधा शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले दिन सकेको छैन। प्रधानाध्यापक खेमबहादुर सारु भन्छन्, "निजी स्रोतका शिक्षकले थप सेवा र सुविधाको माग गर्दा 'सुविधा पाउने ठाउँमै जानू' भन्ने जवाफ व्यवस्थापन समितिले दिन्छ। निजी स्रोतका शिक्षकले सरकारले तोकेबमोजिमको तलबसमेत पाएका छैनन्। र, तल्लो तहका शिक्षकले माथिल्लो तहमा पढाएवापत् नाम मात्रको सुविधा दिने गरेको छ।

शिक्षकलाई थप सुविधावापत् विद्यालयले मासिक रु. ३ हजार ४ सय रुपैयाँ खर्च गर्छ। शिक्षकलाई थप सुविधा नसकेर नै नदिएको बताउँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनबहादुर आले भन्छन्, "दिदैं आएको सुविधा दिन त मुश्किल भइसक्यो, अरु कसरी थप गर्नु ?"

विद्यालय सञ्चालन प्रक्रियाबारे अभिभावकहरूमा खासै ज्ञान छैन। विद्यालय गएपछि शिक्षकहरूले सबै कुरा गर्नुपर्छ भन्ने धारणा आम अभिभावकहरूमा रहेको विचार व्यक्त गर्दै प्रअ सारु भन्छन्, "विद्यालयका हरेक शिक्षक अलराउण्डर हुनुपर्छ भन्ने धारणा अभिभावकमा छ। प्रावि तहका शिक्षकले पनि मावि तहसम्मका सबै कक्षा र सबै विषय पढाउन सक्नुपर्छ भन्ने धारणा अभिभावकहरूमा छ। छोराछोरीको पढाइमा अभिभावकहरूले खासै चासो दिदैंनन्।

यहाँका हरेक अभिभावक लाहुरे मोहबाट टाढा हुन नसकेको बताउँदै प्रअ सारु भन्छन्, "आठ कक्षा पास गरेपछि छोरालाई लाहुरे बनाउने सपना हरेक अभिभावकले साँचेका छन् र त्यतैतिर ध्यान दिन्छन्।"

छोरा र छोरी सबै विद्यालयमा भर्ना गराए पनि दुवैलाई नियमित विद्यालय पठाउँदैनन् अभिभावकहरू। एकजना घरमा काम गर्ने राखेर पालो गरेर छोराछोरीलाई विद्यालय पठाउने गरेका छन्। विद्यालय नआएकोमा जिज्ञासा राख्दा एक विद्यार्थीले दिएको जवाफ संस्मरण गर्दै प्रअ सारु भन्छन्, "सर, विद्यालय जाने पालो मेरो होइन, भोलि जान्छु।" खेती गर्ने याममा त विद्यालयमा विद्यार्थीको संख्या निकै कम हुने गरेको छ। रोपाइँको बेलामा विद्यालय बन्द गर्न दवाव समेत अभिभावकहरूले दिने गरेको बताउँदै प्रअ सारु भन्छन्, "विगतका केही वर्षहरूमा मकै रुड्ने बेलामा विद्यालय विद्यार्थी शून्य नै हुन्थ्यो।"

शिक्षाको महत्वबारे चेतना अभिभावकहरूमा कम हुनु र छोराछोरीको पढाइमा अभिभावकहरूले चासो र ध्यान दिन नसकेको बताउँदै गाविसका पूर्व अध्यक्ष प्रेमलाल दर्लामी भन्छन्, "पढ्ने र पढाउने काम विद्यालयमा मात्रै गर्नुपर्छ र शिक्षकको मात्रै हो भन्ने भावनाले गर्दा विद्यालयबाट भने जति फाइदा लिन सकेका छैनौं।"

सानो उमेरमा विद्यालय पठाउने र ठूलो भएपनि घरमै काममा लगाउने प्रवृत्तिले पनि सबै विद्यार्थीले संख्या उत्तिकै रहेको बताउँदै प्रअ सारु भन्छन्, "आर्थिक विपन्नताका कारण आयआर्जनको कममा लाग्नुपर्ने बाध्यता धेरै बालबालिकामा छ।"

अनौठो त के छ भने अभिभावकहरूमा यो चेतना नरहे पनि विद्यालयको भौतिक सुधारमा भने समुदायको सहभागिता उल्लेखनीय छ। गाउँमा विद्यालय चाहिन्छ भन्ने चेतना उनीहरूमा छ। समुदायकै पहलमा माधयमिक तहको पठनपाठन निजी स्रोतमा चलिरहेको बताउँदै पूर्व अध्यक्ष दर्लामी भन्छन्, "आर्थिक सहयोग धेरै गर्न नसके पनि भौतिक सहयोग प्रशस्त गरेका छन्।" यहाँका अभिभावकहरू अशिक्षित भए पनि उनीहरूको चेतनाले माध्यमिक तहसम्मको विद्यालय सञ्चालन गर्न कसिनु नै गर्वको कुरा भएको दावी पूर्व अध्यक्ष दर्लामीको छ।

■ एमडी कुलुङ

## किशोरावस्थामा बल्ल विद्यालय जानथाले सुन्तलीहरू

उनी १९ वर्षकी भइन्, बल्ल थाहा भयो उनलाई नपढे पछि परिन्छ भनेर। घरको मझेरीमै रहेको विद्यालय जानसमेत उनलाई मन लागेन। त्यो समयमा उनलाई लाग्थ्यो- पढेर को ठूलो भएको छ र ? उनी अर्थात् थानापती गाउँ विकास समिति वडा नं २ की १९ वर्षीया सेतीमाया तामाङ। उमेर गईसकेपछि पनि उनमा आफैंमा पढ्ने रहर भने जागेर आएको होइन। "सबै दम्पत्तीको एउटै रहर, छोरीलाई शिक्षा र समान अवसर" भन्ने नाराका साथ नुवाकोटमा नौ वर्ष अघिदेखि थानापती गाउँ विकास समितिमा शिक्षा तथा महिलाहरूको सशक्तीकरण र उनीहरूको आयआर्जनमा वृद्धि गर्न विभिन्न कार्य गर्दै आएको सामुदायिक तथा ग्रामीण विकास समाज नेपाल नुवाकोटले गठन गरेको महिला समूहमा उनी पनि आबद्ध भइन् र सोही बेलादेखि उनको मनमा पढ्ने विचार जाग्यो।

उनी अहिले गाउँमा अरुलाई समेत पढ्न प्रेरित गर्ने गर्दछिन्। थनापती गाउँ विकास समिति वडा नं. १ र २ मा तामाङ जातको बाहुल्यता रहेको छ। ती वडामा अन्य जातका मानिसहरू भेट्न पाईदैंन। विद्यालयका प्रधानाध्यापक यमनाथ लोहनीले भने "हामीले उनलाई सानै उमेरदेखि स्कुल जानुपर्छ भने पहिलेदेखि नै भन्दै आएका हौं। तर उनीहरूले हाम्रो कुराको वास्ता गरेनन्। अमरज्योती प्राथमिक विद्यालयमा ९९ जना विद्यार्थीहरू अध्ययनरत् छन्। ती सबै तामाङ जातीका छोराछोरीहरू हुन्। सदरमुकाम विदुरदेखि १२ कोष टाढा रहेको विद्यालयमा अहिले उमेर गइसकेको मान्छे पनि विद्यालय भर्ना हुने क्रम बढेको छ। सोही गाउँमा रहेकी सुन्तलीमाया लामा र लालीमाया तामाङ पनि आफूले बोक्ने डोको र नाम्लो पन्छ्याएर कापी र किताब हातमा च्यापेर १८ वर्षको उमेरमा कक्षा तीनमा भर्ना भए। घर नजिकको विद्यालयमा सानो उमेरमा समेत पढ्न नगएका उनीहरू विहे गर्ने बेलामा किन पढ्न गए त ? उनीहरू भन्छन्, "पहिला थाहा पनि भएन, अभिभावकहरूले पनि पढाएनन्। अहिले आएर मात्र आफूलाई पछुतो लाग्यो सानै उमेरमा नपढेर हामीले नराम्रो काम गरेछौं।"

उनीहरूलाई पढ्ने वातावरण बनाइदिने सामुदायिक तथा ग्रामीण विकास समाज नेपाल नुवाकोटलाई श्रद्धा गर्छन् उनीहरू। गाउँमा सञ्चालन भएको प्रौढ कक्षामा पहिले भर्ना भएका र त्यस प्रौढ कक्षाको छ महिनापछिको अध्ययन पश्चात् विद्यालयमा भर्ना भएका सेतीमाया, सुन्तलीमाया र लालीमायाको धेरै नसके पनि एसएलसीसम्म पास गर्ने धोको छ। उनीहरूलाई पढ्न उनका बाबुआमाहरूले पनि सहयोग गरेका छन्। सेती, लालीमाया र सुन्तली तिनै जनाका बाबुहरू भन्छन्, "हामीलाई के थाहा छोरीलाई पनि पढाउनुपर्छ भनेर। छोरीको काम त घरको काम र वनपात मात्र गर्ने हो भन्ने हामीले ठानेका थियौं तर त्यो हाम्रो सोचाई गलत रहेछ। उनीहरू तिनैजना अहिले सो गाउँमा रहेका अन्य व्यक्तिहरूलाई समेत छोराछोरीलाई पढाउनुपर्छ भनेर हिंड्ने गरेका छन्। तामाङ जातीको बस्ती रहेको सो गाउँमा अन्य जातीका मानिसहरूले अभिभावकहरूलाई सम्झायो भने उनीहरू मान्दैनन्। तर सेती, लालीमाया र सुन्तलीले भनेको चाहिं सबैले मान्ने गरेका छन्- सामुदायिक तथा ग्रामीण विकास समाज नेपाल नुवाकोटका कार्यक्रम संयोजक पदम उप्रतीले भने। यसबाट के देखिन्छ भने अभिभावक शिक्षा पुगेमा र आफ्नै समुदायका व्यक्तिले आग्रह गरेमा जतिसुकै पिछडिएको समाज पनि शिक्षामा अघि बढ्न सक्छ।

■ ध्रुवकुमार रावल/नुवाकोट

## बालकामदारहरू ज्यालाको सट्टा शिक्षा माग्छन्

विभिन्न जिल्लाबाट नेपालगञ्जमा घरेलु बालश्रमिकको रुपमा कार्यरत बालबालिकाहरू अहिले संगठित भई कामको ज्याला शिक्षा मागिरहेका छन्।

तराईका थारु जातिका गरीब परिवारका बालबालिकाहरू घरमा शिक्षा अधिकारबाट त वञ्चित नै हुन्छन्। अर्काको घरमा काम गर्न जानुपर्ने बाध्यता छ। काम वापत्को ज्याला अत्यन्तै न्यून हुन्छ। त्यसैले उनीहरू काम गर्दै पढ्न पाउनुपर्ने माग गरिरहेका छन्।

घरेलु बालश्रमिकहरूले १३ सदस्यीय "बागेश्वरी बाल क्लब" नामक संस्था गठन गरेका छन्। क्लबकी सचिव बृजा भन्छिन्, "हामीले सबै काम गर्नेलाई अनिवार्य शिक्षा हुनुपर्छ भनिरहेका छौं। हामीलाई काम गरेको ज्याला चाहिदैंन पढ्नलेख्न पाउनु हाम्रो हक-अधिकार हो।" कैलाली जिल्लाको नारायणपुर गाउँ विकास समिति वडा नं. ६ निवासी १६ वर्षीया बृजा ७ वर्षदेखि नेपालगञ्जमा काम गरिरहेकी छन्। बाबुले अधियाँमा जग्गा जोत्न उनलाई रञ्जितसिंह क्षेत्रीको नेपालगञ्जस्थित घरमा काम गर्न पठाए। हाल उनी युद्ध संस्कृत माध्यमिक विद्यालय नेपालगञ्जमा ५ कक्षामा पढिरहेकी छिन्।



*बागेश्वरी बालक्लबका घरेलु बालश्रमिकहरू।*

सात वर्षदेखि नेपालगञ्जका कृष्णप्रसाद शर्माको घरमा काम गरिरहेकी बाँके जिल्ला नौबस्ता गाविस -८ बनियाभारकी १५ वर्षीया राजकुमारी चौधरीको माग पनि काम गरेवापत्को ज्याला शिक्षा नै बनेको छ। राजकुमारीको घरमा सात सन्तानमध्ये कोही पनि स्कुल जान पाएका छैनन्। "बालश्रमिकले शिक्षा पाउनुपर्छ" लघुनाटकमा श्रमिकको आमा बनेर उनी सबैले आफ्ना सन्तान पढाउनुपर्छ भन्ने शिक्षा दिने गर्छिन्।

चार/पाँच वर्षअघि करिब सबै बालश्रमिक मात्र पढ्ने नेपालगञ्जको युद्ध संस्कृत माविका प्रधानाध्यापक कृष्णा पाठक स्कूल भर्ना भएका बालश्रमिकहरू पढाइमा अन्य विद्यार्थीको तुलनामा निकै मेहनती र लगनशील भएको बताउँछिन्। तीन वर्षयता आफू प्रअ भएर आएपछि यसरी आफ्ना कामदार डाक्ने मालिकहरूलाई शिक्षाको महत्वबारे जानकारी दिएर विद्यार्थी कामदार हुन् वा जो हुन् बिनाअनुमति र बिनानिवेदन स्कूलबाट छुट्टी लिन नपाउने नियम बनाइएको थियो। यसकारण धेरै अभिभावकसँग झगडासमेत गर्नुपरेको दावी शिक्षिका कृष्णाको छ।

ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस) बाँकेले गत असारमा गरेको एक सर्वेक्षणअनुसार नेपालगञ्जमा मात्र करिब ६ सय घरेलु बालश्रमिक रहेको जनाएको छ। तर यो संख्या यसभन्दा पनि धेरै रहेको विभिन्न गैससहरूको ठहर छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को सहयोगमा वेसले विगत तीन वर्षयता नेपालगञ्जमा मात्र ६ समूहमा १ सय २५ बालश्रमिकहरूलाई यस्तो अनौपचारिक शिक्षामा सामेल गराई ९६ जनालाई नगरका विभिन्न विद्यालयमा भर्ना गरेको छ।

वेस बाँकेका अध्यक्ष पञ्चराम थारु नगरमा रहेका यस्ता बालबालिकाहरूलाई जसरी भए पनि अनौपचारिक र औपचारिक शिक्षामा समाहित गर्ने लक्ष्य लिएको बताउँछन्। आईएलओका कार्यक्रम सहायक प्रकाश शर्मा बालश्रमिकको उद्धार गर्ने, सो कार्य सम्भव नभए उसको कामको अवधि घटाउने, उनीहरूलाई अधिकारमुखी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने रहेको बताउँछन्।

■ शंकर खनाल / नेपालगञ्ज

यूनिसेफ र एमएस नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४२५७६५५, फ्याक्सः ४२१८६८६ इमेलः junkiri@ejg.org.np, वेबसाइटः www.ejg.org.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम